स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री आना शर्मालाई यतिबेला भ्याइनभ्याइ छ। आफू कार्यकारी निर्मात्री रहेको फिल्म 'रमिताको पिरती' को प्रचारप्रसारको चटारोमा उनी ब्यस्त छिन्। २३ माघमा फिल्म रिलिज गर्ने चटारोमाभ्क उनी नयाँ फिल्म 'टनेल २६' छायांकन गर्न सोमबार भुटान पुगेकी छन्। केही साता त्यहाँ हुने छायांकनमा उनी ब्यस्त हुनेछिन्। यो फिल्ममा नेपालबाट आनासहित अनुपविक्रम शाहीको समेत अभिनय छ।

**आजको विचार...**



कर्म...

*(दुई पेजमा)*

प्रा.देवीभक्त ढकाल



फिल्म 'आ बाट आमा' को सेन्सर पास भएको छ। केन्द्रीय चलचित्र जाँच पास समिति(सेन्सर बोर्ड)ले सोमबार फिल्म हेर्दै युनिभर्सल सर्टिफिकेट (सबैले हेर्न मिल्ने) दिँदै प्रदर्शनका लागि पास गरेको हो। फिल्मका निर्देशक चन्द्र पन्तले फिल्म सबै उमेरका दर्शकले हेर्न पाउने गरेर पास भएको खुसी व्यक्त गरे। फिल्ममा भारतीय अभिनेता प्रदीप रावत, अभिनेत्री बिपना थापा, पल शाह, उषा उप्रेती, सिमरन पन्त, साइग्रेस पोखरेल, गजित विष्ट, बेगम नेपाली लगायतको अभिनय छ।

❒ वर्ष ३१ अंक १८१ ❒ २०८२ माघ १४ गते बुधबार 28 January 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## अत्यधिक चिसोका कारण १३ को मृत्यु

(रासस/सिन्ह्वा)

**मङ्गोलिया,** माघ १३/मङ्गोलियामा सन् २०२६ को जनवरी मा मात्र अत्यधिक चिसो (हाइपोथर्मिया) को कारण १३ जनाको मृत्यु भएको रेकर्ड गरेको देशको राष्ट्रिय प्रहरी एजेन्सी (एनपिए) ले मङ्गलबार जनाएको छ । मृतक मध्ये अधिकाशंले रक्सी पिएको एनपिएले विज्ञप्ति मार्फत जनाएको छ । चिसोको उच्च जोखिमको समयमा हाइपोथर्मियाको कारण मृत्यु हुनुको मुख्य कारक रक्सीको सेवन भएको एनपिएले जनाएको छ । जनवरीको मध्यदेखि, रूसको साइबेरियामा उत्पत्ति भएको चिसो हावा मङ्गोलियाको ठुलो भागहरूमा फैलिए पछि मङ्गोलियाको तापक्रममा गिरावट आएको जनाइएको छ । जनवरी-२१ मा, देशको मौसम विज्ञान विभागका अनुसार उत्तरी मङ्गोलियन प्रान्त सेलेन्जको प्रशासनिक उपविभाग एरु सोममा रातको तापक्रम माइनस ४५।२ डिग्री सेल्सियसमा झरेको जनाइएको छ । मङ्गोलियामा चिसो तथा जाडो लामो समयसम्म रहने र तापक्रम माइनस २५ डिग्री सेल्सियस र माइनस ४५ डिग्री सेल्सियसको बीचमा हुने जनाइएको छ ।


# लुम्बिनी प्रदेशसभामा तीन विधेयक पेस

## सैद्धान्तिक छलफलका लागि प्रस्ताव पारित

**हाम्रा संवाददाता**

**दाङ,** माघ १३/लुम्बिनी प्रदेशसभाको मंगलबारको बैठकमा तीन महत्वपूर्ण विधेयक पेश भएका छन् । प्रदेश सभा हिउँदे अधिवेशनको दोस्रो बैठकमा जीवनाषक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, दलितको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक पेश गरिएको हो ।

स्वास्थ्यमन्त्री खेम सारुले जीवनाषक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेश गरेका छन् । यस्तै सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले दलितको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक छलफलका लागि पेस गरेका हुन् । अघिल्लो कार्यकालमै दलितसम्बन्धी ऐन बनाउन प्रदेशस सांसद र



नागरिकस्तरबाट दबाब दिइएको भए पनि बन्न सकेको थिएन । विधेयकका सम्बन्धमा प्रदेशसभा अन्तर्गतको सामाजिक विकास समितिले छलफल समेत गरेको थियो । त्यस्तै त्यस्तै प्रदेश प्रमुख कृष्णबहादुर घर्ती मगरको कार्यालयबाट पुर्नविचारका लागि फिर्ता आएको लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक भौतिक पूर्वाधार विकासमन्त्री भूमीश्वर ढकालले छलफलका लागि पुन: पेस गरेका हुन् । सभामुख तुलाराम घर्ती मगरले विधेयकमाथि सैद्धान्तिक प्रस्तावका लागि निर्णयार्थ प्रस्तुत गरेका थिए । ध्वनिमतका आधारमा विधेयक माथिको सैद्धान्तिक छलफलको प्रस्ताव पारित भएपछि प्रदेशसभा सदस्यहरुले विधेयक माथि सुझाव दिएका छन् । बैठकमा सभामुख घर्तीले दाङ ३ (२) बाट तत्कालीन माओवादी केन्द्रबाट निर्वाचित नेकपाका धनबहादुर मास्की, बाँके १ (१) बाट निर्वाचित कृष्णा केसी, बर्दिया २ (२) बाट निर्वाचित नागरिक उन्मुक्तिका धर्मबहादुर चौधरी र रूपन्देही ४ (१) बाट निर्वाचित लोकतान्त्रिक समाजवादी पार्टीका कन्हैया बाँनियाले प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएको र उक्त चार पद रिक्त रहेको जानकारी गराएका थिए । चारै जना प्रदेशसभा छोडेर प्रतिनिधिसभाको उम्मेदवार बनेका छन् । बैठकमा प्रदेश सांसदहरुले विशेष समयमा बोल्दै विभिन्न समस्याहरूका बारेमा प्रदेश सरकारको ध्यानाकर्षण गराएका थिए ।बैठकको जनमत पार्टीका चन्द्रकेश गुप्ता, राप्रपाकी मिनाकुमारी श्रेष्ठ, कांग्रेसकी लोकीकुमारी विक र नेकपा एमालेका विष्णुप्रसाद पन्थीले बोलेका थिए । उनीहरुले सरकारले बजेट तयार गर्दा मापदण्ड बनाएको तर, त्यो मापदण्ड अनुसार बजेट नबनेको गुनासो गरेका थिए ।

# नौ जिल्ला डढेलोको उच्च जोखिममा



**पाल्पा,** माघ १३/राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यो वर्ष देशभरका नौं जिल्ला डढेलोको उच्च जोखिममा रहेको जनाएको छ । प्राधिकरणले सन् २०१३ यताका डढेला घटनाको विश्लेषणका आधारमा बाँके, बर्दिया, चितवन, दाङ, कैलाली, कञ्चनपुर, पर्सा, सल्यान र सुर्खेत जिल्लालाई उच्च जोखिममा रहेको जनाएको हो ।

त्यस्तै, १३ जिल्लालाई मध्यम जोखिम र बाँकी जिल्लालाई न्यून जोखिममा राखिएको छ । अछाम, अर्घाखाँची, बारा, डडेल्धुरा, डोटी, गोरखा, जाजरकोट, कपिलवस्तु, मकवानपुर, नवलपुर, प्युठान, सिन्धुली र उदयपुर भने मध्यम जोखिममा रहेका छन् । प्राधिकरणले सुक्खायाम सुरु भएसँगै डढेलाको जोखिम हुने भएकाले वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८२ समेत तयार गरेको छ । उसले वन डढेलो पूर्वानुमान, निगरानी तथा चेतावनीलाई प्रभावकारी बनाउने, पूर्वतयारी र वन व्यवस्थापनका उपायलाई अवलम्बन गरी वन डढेलोको जोखिम कम गर्ने कार्ययोजना तय गरेको हो ।

*-बाँकी अन्तिम पेजमा...*

# कुखुराको भालेलाई 'अप्रेसन' गरेर बधिया बनाइँदै

**घोराही (दाङ),** माघ १३/घोराही उपमहानरपालिका-१३ बडहराका जानकी चौधरीको मुख्य पेसा बधिया भालेपालन हो । उनको दैनिकी भालेको स्याहार र हेरचाहामा बित्ने गर्छ । बधिया भाले बिक्रीबाट राम्रो आम्दानी पनि लिइरहेको उनी बताउन्छिन् ।

"स्थानीय कुखुराको भालेलाई 'अप्रेसन' गरेर उसको अण्डकोष निकालेपछि भाले बधिया बन्छ", उनले भनिन्, "यो सीप सिकेपछि मैले आफैं यो विधिको सुरुआत गरेर भाले बधिया बनाउने काम सुरु गर्न थालेँ ।" बधिया भालेको मासु बढी स्वादिलो हुने भएकाले पनि यसको खोजी व्यापक बन्दै गएको उनी बताउन्छिन् । आठ वर्षदेखि व्यावसायिक रूपमा बधिया भालेपालन गर्दै आएका किसान चौधरीले आगामी दिनमा यसलाई बढाउँदै लैजाने योजना बनाएका



छन् । अहिले पनि ६० बढी फार्ममा भाले रहेको उनी बताउन्छन् । एउटा भालेलाई तीन हजार बढी पर्ने उनको भनाइ छ । बधिया भाले सामान्यतया दुई, साढे दुई किलोको हुने गर्छ । उनले यो व्यवसायबाट वार्षिक रूपमा चारदेखि छ लाखको कारोबार गर्ने र घरखर्च चलाएर आधा रकम बचत हुँदै आएको बताए । उनले साना भाले किनेर पाल्छन् । यसका लागि लोकल कुखुरा पाल्ने स्थानीय किसानसँग सम्पर्क गर्दै आएका छन् । यसरी किनेका भाले चार महिनापछि बधिया बनाउने गर्दै आएका छन् । खुला ठाउँ भएका गाउँघरमा थोरै जमिन भए पनि बधिया भाले पाल्न सहज हुने उनी बताउन्छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# मतदाता शिक्षा आवश्यक

नेपाल लोकतान्त्रिक व्यवस्था अन्तर्गत भएको निर्वाचनले जनप्रतिनिधि चयन गर्ने प्रक्रियालाई सशक्त बनाउँछ । तर यस प्रक्रियालाई प्रभावकारी बनाउनका लागि मतदान मात्र पर्याप्त छैन, मतदाताले आफ्नो संवैधानिक अधिकार र दायित्वबारे बुझ्नुपर्छ । यद्यपि नेपालमा मतदाता शिक्षामा उल्लेखनीय कमी रहँदा मत परिणाममै फरक नतिजा आउँने घटनाहरु देखा परेका छन् । सबै तहका निर्वाचन तथा सर्वेक्षणले देखाएको छ कि धेरै मतदाताले सरकार, नीति तथा पार्टी एजेण्डा बीचको भिन्नतालाई विस्तृत रूपमा बुझ्न सकेका छैनन् । धेरै मतदाता अझै नेता–व्यक्तित्व र आकर्षक आश्वासनलाई प्राथमिकता दिने गर्छन् । यसको परिणाम स्वरूप राजनीतिक उत्तरदायित्व, पारदर्शिता र उत्तराधिकारी नीतिअनुरुप दबाव सिर्जना हुन नसकेको अनुभूति हुन्छ । एक अध्ययन अनुसार, मतदाता मध्ये ३० प्रतिशत भन्दा बढीले निर्वाचन पूर्व राजनीतिक (एजेन्डा) पढ्दैनन् । यसबाट मतदाता शिक्षा कार्यक्रमहरूको प्रभावकारिता कमजोर हुन पुगेको संकेत प्राप्त हुन्छ ।

मतदाता शिक्षाको कमीको अर्का महत्वपूर्ण कारण सूचनाको असमान पहुँच पनि हो । ग्रामीण भेग, जनजातीय भेग, नेपाली भाषाभन्दा अलि पृथक भाषिक समुदाय लगायतमा निर्वाचन प्रक्रिया र मतदान अधिकारबारे सुसूचित कार्यक्रमहरू कम पहुँचमा पुगेका छन् । सरकारले जारी गरेको नागरिक शिक्षाका कार्यक्रमहरू केन्द्रिकृत हुने हुँदा ग्रामीण समुदायसम्म पुग्न समय लाग्ने, सन्देश प्रभावकारी नपर्ने जस्ता समस्या देखा परेका छन् ।

यी सबै समस्याहरुको सुधारका लागि धेरै जोडदार कदम उठाउनु आवश्यक छ । पहिलो, सम्पूर्ण समुदायसम्म पुग्ने व्यापक मतदाता शिक्षा अभियान सञ्चालन गर्नुपर्छ जसमा स्थानीय भाषामा, सहज भाषामा र जनस्तरमा शिक्षण सामग्री उपलब्ध गराइयोस् । दोस्रो, विद्यालय तथा क्याम्पसस्तरमा लोकतन्त्र, निर्वाचन प्रक्रिया र नागरिक दायित्व विषयहरूलाई पाठ्यक्रममा अनिवार्य समावेश गर्न आवश्यक छ । यसले दीर्घकालीन मतदाता साक्षरता निर्माणमा मद्दत गर्दछ । तेस्रो, डिजिटल र सोशल मिडिया प्लेटफर्ममार्फत जनचेतना वृद्धि गर्नुपर्दछ, जसले युवा वर्गलाई पनि सक्रिय मतदाता बनाउँछ । मतदाता शिक्षामा सुधार नआएसम्म मात्र मतदान दर मात्र बढ्नेछ । अन्यथा उत्तरदायी र नीतिगत रूपमा विवेकशील सरकारको निर्वाचनमा पुग्न कठिन हुन्छ । लोकतन्त्रको मूलभूतका आधार भनेकै जागरूक नागरिक हुन । त्यसैले नेपालको दिगो लोकतान्त्रिक भविष्यका लागि अहिलेको अवस्थामा मतदाता शिक्षा आवश्यक छ । यसतर्फ सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।

## Opinion @ Socia Network

पानी,नदिमा होस या आँखामा
गहिराई र राज दुबैमा हुन्छ ।
(रोशन सारुको फेसबुक स्टाटसबाट www.facebook.com/Roshan.Saru)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कर्म नै पूजा, कार्यस्थल नै मन्दिर



**प्रा.देवीभक्त ढकाल**

*नेपाली प्रशासनिक र व्यावसायिक परिवेशमा यो भावको खडेरी परिरहेको वर्तमान समयमा, यसलाई कसरी व्यवहारमा उतार्न सकिन्छ भन्ने विषयमा विवेचना र रणनीतिक विश्लेषण जरुरी हुन्छ । भावको शून्यता हाम्रो मनोवैज्ञानिक संकट हो । जब कर्मचारीले आफ्नो कामलाई केवल तलबको स्रोतमात्र देख्छ, तब उसको सिर्जनशीलता मर्छ । यान्त्रिक कर्मचारीतन्त्रमा सेवाग्राहीको दुःख देख्दा हृदय पग्लिँदैन, तब काममा पूजा होइन, केवल बोझ रहन्छ । मन्दिरमा पूजारीले केवल मूर्ति ढोग्दैन, उसले त्यहाँ अर्थ र आस्था भेट्छ । कार्यस्थललाई मन्दिर बनाउन भौतिक रंगरोगनभन्दा मानसिक पुनर्संरचना अनिवार्य हुन्छ । मेरो कर्तव्य हो भन्ने सोचलाई, मेरो धर्म हो भन्ने सोचले विस्थापित गर्नुपर्छ ।*

'कर्म नै पूजा, कार्यस्थल नै मन्दिर' हो । यो विषयवस्तु वर्तमान सन्दर्भमा हाम्रो परिवेशमा समसामयिक र समयसापेक्ष छ । यसले नेपाली समाजको आध्यात्मिक चेतना र आधुनिक कार्य प्रणालीलाई एकै सूत्रमा बाँध्ने सामर्थ्य राख्छ । जब हामी 'मन्दिर' भन्छौं, हाम्रो मानसपटलमा एउटा पवित्र, स्वच्छ र शान्त स्थानको चित्र कोरिन्छ । त्यहाँ स्वार्थ हुँदैन, केवल समर्पण हुन्छ । यदि यही अनुभूति हाम्रा सरकारी अड्डा, निजी संस्थान र कारखानाहरूमा हुन थाल्यो भने समाजको कायापलट हुन समय लाग्दैन । 'कर्म नै पूजा' हुनुको अर्थ कामलाई बाध्यता वा बोझ मान्नुको सट्टा त्यसलाई आत्मिक सन्तोषको माध्यम बनाउनु हो । आजको कर्मचारीतन्त्र र कार्यसंस्कृतिमा देखिएको मुख्य समस्या 'भावनाको रिक्तता' हो । हामीसँग सीप छ, प्रविधि छ, जनशक्ति पनि छ तर ती निर्जीव मेसिनजस्ता भएका छन् । कार्यस्थललाई मन्दिर मान्नुको अर्थ भौतिक संरचना बदल्नुमात्र होइन, बरू काम गर्नेहरूको 'मनोवृत्ति' बदल्नु हो । पूजारीले जसरी देवताको प्रतिमालाई स्पर्श गर्दा श्रद्धाभाव राख्छ, त्यसरी नै कर्मचारीले एउटा फाइल चलाउँदा वा सेवाग्राहीसँग बोल्दा 'म एक पवित्र कर्म गर्दैछु' भन्ने बोध गर्नुपर्छ । मन्दिरबाट फर्कने भक्त जसरी 'प्रसाद' पाएर खुशी र सन्तुष्ट हुन्छ, कार्यालयबाट फर्कने सेवाग्राहीले पनि आफ्नो काम सुचारु भएकोमा त्यस्तै सन्तुष्टि महसुस गर्न पाउनुपर्छ । यो आदर्शलाई व्यवहारमा उतार्न अब 'संस्कारयुक्त प्रशासन'को खाँचो छ । आर्थिक, नैतिक भ्रष्टाचारको अन्त्य सम्भव छ, त्यहाँ सेवाग्राहीप्रतिको विनम्रता र आदरमा कुनै कमी हुने परिस्थिति उत्पन्न हुँदैन । कार्यालयका भित्तामा ईश्वरका तस्वीर टाँस्नुभन्दा आफ्नो कार्यशैलीलाई नै ईश्वरको आराधना बनाउनु आवश्यकता हो । जब पसिनाको थोपाले कर्तव्यको वेदीमा अभिषेक गरिन्छ, तबमात्र 'सुशासन' को वास्तविक उदय हुन्छ । काम नै पूजा हो भन्ने दर्शन केवल भित्तामा झुण्ड्याइने एउटा सुन्दर 'फ्रेम' मात्र होइन, यो त एउटा जीवन्त संस्कृति हो । जब हामी कार्यस्थललाई मन्दिर र कर्मचारीलाई पूजारीको रूपमा परिकल्पना गर्छौं, त्यहाँ केवल फाइलका चाङ र कम्प्युटरका स्क्रिनहरू हुँदैनन् त्यहाँ सेवाको समिधा, इमानदारिताको धूप र समर्पणको आरती प्रज्वलित भइरहेको हुन्छ । नेपाली प्रशासनिक र व्यावसायिक परिवेशमा यो भावको खडेरी परिरहेको वर्तमान समयमा, यसलाई कसरी व्यवहारमा उतार्न सकिन्छ भन्ने विषयमा विवेचना र रणनीतिक विश्लेषण जरुरी हुन्छ । भावको शून्यता हाम्रो मनोवैज्ञानिक संकट हो । जब कर्मचारीले आफ्नो कामलाई केवल तलबको स्रोतमात्र देख्छ, तब उसको सिर्जनशीलता मर्छ । यान्त्रिक कर्मचारीतन्त्रमा सेवाग्राहीको दुःख देख्दा फदय पग्लिँदैन, तब काममा पूजा होइन, केवल बोझ रहन्छ । मन्दिरमा पूजारीले केवल मूर्ति ढोग्दैन, उसले त्यहाँ अर्थ र आस्था भेट्छ । कार्यालयमा पनि जबसम्म कर्मचारीले आफ्नो हस्ताक्षरले कसैको जीवनमा ल्याउने परिवर्तनको अर्थ बुझ्दैन, तबसम्म ऊ निर्जीव रहन्छ । कार्यस्थललाई मन्दिर बनाउन भौतिक रंगरोगनभन्दा मानसिक पुनर्संरचना अनिवार्य हुन्छ । मेरो कर्तव्य हो भन्ने सोचलाई, मेरो धर्म हो भन्ने सोचले विस्थापित गर्नुपर्छ । सेवाग्राहीलाई फाइल नम्बरको रूपमा होइन, जिउँदो देवताको रूपमा हेर्ने दृष्टि नै सच्चा मनोवृत्ति परविर्तन हो । कार्यस्थललाई मन्दिर मान्नु कुनै धार्मिक अन्धविश्वास होइन, यो व्यवसायिक नैतिकताको चरम उत्कर्ष हो । जब कर्मचारीले आफ्नो कुर्सीलाई पवित्र आसन र कामलाई ईश्वरीय सेवा ठान्छ तब भ्रष्टाचारको अन्धकार स्वतः हराउँछ र सुशासनको ज्योति बोल्छ । मन्दिर त्यो पवित्रस्थान हो जहाँ मानिस आशा, विश्वास र श्रद्धा लिएर पुग्छ । ठ्याक्कै त्यसैगरी, एक सेवाग्राही जब सरकारी वा निजी कार्यालयमा छिर्छ, ऊसँग एउटा समस्या र समाधानको ठूलो आशा हुन्छ । यदि अफिसको कुर्सीलाई 'आसन' र टेबललाई 'वेदी' मान्ने हो भने त्यहाँ गरिने ढिलासुस्ती, भ्रष्टाचार र अनुचित कार्य 'अपवित्रता' ठहरिन्छन् । पूजारीले जसरी भक्तको कुरा ध्यानपूर्वक सुन्छ र देवताको सेवामा लीन हुन्छ, कर्मचारीले पनि नागरिकको सेवालाई नै आफ्नो परम धर्म मान्नुपर्छ । हाम्रा कार्यालय मन्दिरभन्दा बढी 'रणभूमि' वा 'प्रतीक्षालय' जस्ता देखिन्छन् । सेवाग्राहीका आँखामा भय छ र कर्मचारीका कार्यशैलीमा उदासीनता आदि कार्यालय र कर्मचारीहरूको विशेषता हो । यसका पछाडि केही प्रमुख कारणलाई व्याख्या गर्न आवश्यक हुन्छ । हामीले कर्मचारीलाई 'मानव' भन्दा बढी 'मेसिन' बनायौं । यो यान्त्रिक मानसिकता अहिले प्रमुख समस्या बनेको छ । कामलाई जीविकोपार्जनको माध्यम मात्र मानियो, जीवनको सार्थकता मानिएन । दण्ड र पुरस्कारको हतियारलाई निष्पक्षता र निर्मामताका साथ प्रयोग गर्न असमर्थ हुने अवस्थाले असल 'पूजारी' अर्थात् इमानदार कर्मचारी ओझेलमा पर्ने र 'ढोंगी' अर्थात् चाकडीबाजहरू पुरस्कृत हुने परिपाटीले संस्थागत नैतिकता स्खलित भएको छ । यसका लागि दीर्घकालीन र सूक्ष्म रणनीति आवश्यक पर्छन् । कामप्रतिको दृष्टिकोणलाई सांस्कृतिक पुनर्जागरण रणनीतिको नितान्त खाँचो छ । हामी कार्यालयको भौतिक संरचना बदल्न लगानी गर्छौं तर कर्मचारीतन्त्रको मानसिक संरचना बदल्न जरुरी छ । कर्मचारीमा 'म यो संस्थाको अभिन्न अंग हुँ र मेरो कामले कसैको जीवन बदलिँदैछ' भन्ने भावनाको विकास गर्ने प्रकारको कर्मचारीमा आत्मीय कार्यसंस्कृतिको विकास गर्ने प्रशिक्षणबिना परिवर्तन सम्भव छैन । संस्थाका मूल्यहरूलाई कागजमा मात्र सीमित नराखी हरेक बैठक र छलफलको प्राण बनाउने साझा मूल्यमान्यता विकसित गर्ने कार्यनीति र रणनीतिबिना परिवर्तन भाषण र कार्यालयका फाइलहरूबाट प्राप्त हुँदैन भन्ने विषयलाई सम्बन्धित सबैले आत्मसात गर्नुपर्छ । भावनात्मक बुद्धिमत्ताको प्रयोग अर्को सफल रणनीति र कार्यनीति हुनसक्छ । कामदारलाई केवल सीपमात्र होइन, संवेदना पनि सिकाउनुपर्छ । नेतृत्व स्वयं मुख्य पूजारी हो । नैतिकताको पालना गर्दैन भने अनुयायीहरू पथभ्रष्ट हुन्छन् । 'बोलेर होइन, गरेर सिकाउने' नेतृत्व र रणनीति अवलम्बन गर्नुपर्छ । कार्यनीतिलाई व्यवहारमा कसरी उतार्ने ? भन्ने मुख्य समस्याको समाधान खोज्ने प्रयत्न कार्यस्थल प्रमुखले गर्नुपर्छ । परिवर्तनलाई मूर्तरूप दिन निम्न कार्यनीति कार्यान्वयनमा ल्याउनुपर्छ । कार्यस्थलको सौन्दर्यकरण, आध्यात्मिक वातावरणलाई पनि पूर्वशर्त मानिन्छ । अतिथि देवो भवःको मन्त्रलाई कार्यकक्षमा लागू गर्ने, सेवाग्राही आउनासाथ मुस्कानसहितको स्वागत र उसको समस्यालाई आफ्नै समस्या ठानी समाधान गर्ने कार्यविधि बनाउने, सेवा ग्राहीलाई ईश्वर मान्ने संस्कार र संस्कृति आमकर्मचारीमा हुनुपर्छ । प्रविधिको प्रयोग आवश्यक हुन्छ 'डिजिटल' र 'ड्युटी' का बीचमा 'डिग्निटी' (मर्यादा) हुनुपर्छ । कहिले परिचालित हुने ? । यो अनुत्तरित हुनुहुँदैन । यसका लागि तीन तहको जागरण आवश्यक छ । व्यक्तिगत तह, म जे गर्छु, उत्कृष्ट गर्छु । संस्थागत तह, हाम्रो लक्ष्य नाफा वा तथ्यांकमात्र होइन, सेवा र सन्तुष्टि हो । साँच्चै भन्ने हो भने, कार्यालयका फाइलहरू केवल कागजका ठेली होइनन्, ती हजारौं मानिसका सपना, आँसु र भविष्य हुन् । यदि कार्यस्थल मन्दिर भयो भने, त्यहाँ कसैले घुस माग्ने साहस गर्नेछैन किनकि मन्दिरमा कसैले चोरी गर्दैन । यदि कर्मचारी पूजारी भए भने, त्यहाँ कसैको अपमान हुने छैन किनकि पूजारीले सबैलाई आशीर्वाद दिन्छ । हामीले खोजेको समृद्ध नेपालको जग नै यही 'कार्य-संस्कृति' को परिवर्तन हो । आज देशलाई यस्तो कर्मचारी चाहिएको छ, जहाँ कलम चल्दा नियम मात्र होइन न्याय पनि लेखियोस् । निर्णय गर्दा स्वार्थमात्र होइन, सर्वहित हेरियोस् । साथै कार्यालयबाट निस्किँदा कर्मचारीको अनुहारमा थकान होइन, सेवाको तृप्ति झल्कियोस् । सेवा नै धर्म हो भन्ने सिद्धान्तलाई केवल साइनबोर्डमा होइन, कर्मचारीको चरित्रमा उतार्नु आवश्यकता हो । हामीले खोजेको समृद्धको जग नै यही कार्य संस्कृतिको परिवर्तन हो । आफ्नो कार्यकक्षलाई श्रद्धाको केन्द्र, हातहरूलाई सेवाका औजार बनाऔं । आफ्नो जिम्मेवारीलाई ईश्वरको आराधना सम्झौं किनकि जब कर्म नै पूजा बन्छ तब सफलता नै स्वतः प्रसाद बन्नेछ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : विचारको सुरुवात हुन सक्छ। आफ्नो निर्णयमा भरोसा राख्दा फाइदा पुग्नेछ। | **तुला** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । सहयोग प्राप्त हुनेछ । |
| **वृष** : अनावश्यक काममा समय र ऊर्जा नखर्चिनु राम्रो रहला।मनमा शान्ति मिल्नेछ। | **वृश्चिक** : मेहनतको उचित परिणाम देखिन थालेको अनुभूति हुनेछ। |
| **मिथुन** : कसैको सानो साथले ठूलो राहत दिन सक्छ। फाइदाका संकेत क्रमश देखिनेछन्। | **धनु** : घरायसी झमेलामा परिएला । धन बढी खर्च हुन सक्छ । |
| **कर्कट** : धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ । कामले तीव्रता लिनेछ । | **मकर** : आन्तरिक असन्तोष महसुस भए विश्राम लिनु राम्रो। |
| **सिंह** : मनमा दुविधा उत्पन्न हुनेछ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । | **कुम्भ** : साहित्य तथा संगीतमा रुचि बढ्नेछ । बोली विक्ने समयछ । |
| **कन्या** : साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला । सोचेका काम पूरा हुनेछन् । | **मीन** : नयाँ कुरामा हात हाल्ने हिम्मत आउने। सकारात्मक प्रतिक्रिया पाईनेछ। |

## कला मनोरञ्जन


# ‘कल्ली’को प्रदर्शन स्थगित, चुनावपछि नयाँ मिति तोकिने




आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनले फिल्मको प्रचारदेखि प्रदर्शनसम्म प्रभावित भएको छ । आम मानिसको चासो चुनावमा केन्द्रित हुँदा निर्माताहरूले फिल्मको प्रदर्शन नै स्थगित गर्न थालेका छन् । फिल्म ‘कल्ली’बाट यसको सुरूवात भएको छ । यो फिल्म फागुन १ गते प्रदर्शन हुने तयारीमा थियो । तर, अब निर्धारित मितिमा प्रदर्शन नहुने भएको छ । सोमबार फिल्मको निर्माता कम्पनी लेकाली इन्टरटेन्मेन्ट प्रालिका तर्फबाट किरण नेपालीले जारी गरेको विज्ञप्तिमा हाल सबैको प्राथमिकता चुनाव भएकाले त्यसको सम्मान गर्दै फिल्मको प्रदर्शन स्थगित गर्ने निर्णय गरिएको जनाइएको छ । अब मुलुकमा नयाँ सरकारको गठन र निर्वाचनपछिको सहज वातावरण बनेलगत्तै नयाँ प्रदर्शन मिति घोषणा गरिने विज्ञप्तिमा उल्लेख छ । लक्ष्मण सुनारको निर्देशनमा बनेको यस फिल्ममा सौगात मल्ल, बेनिशा हमाल, उत्तम प्रधान, अर्पण थापा, सुलक्षण भारती, नाजिर हुसेन, वर्षा राउत, परिक्षा लिम्बू, बेगम नेपाली, विनोद न्यौपाने, रेयर राई, प्रियना आचार्य, अर्जुन गुरुङ, सन्जोक राणा, गीता अधिकारी लगायतको अभिनय रहेको छ । फिल्मको एक गीतमा पूजा शर्माले नृत्य गरेकी छन् । लेकाली इन्टरटेन्मेन्ट र कस्तुरी प्रोडक्सनको सहकार्यमा निर्माण भएको फिल्ममा निर्देशक सुनारको कथा, महेश दवाडीको पटकथा तथा संवाद, निसाल पौडेलको डीओपी, मिलन श्रेष्ठको सम्पादन, आशिष अविरल, सरित राई र केतन क्षेत्रीको संगीत तथा एनवी महर्जनको द्वन्द्व निर्देशन रहेको छ । फिल्मले मान्छेभित्रको देउता र राक्षसीपनको कथा भन्नेछ ।

*-फिल्मी खबर डटकम*

# प्रकाश सपुत रास्वपामा प्रवेश



गायक तथा अभिनेता प्रकाश सपुतले औपचारिकरुपमा आफू राष्ट्रिय स्वतन्त्र पार्टीमार्फत राजनीतिमा अघि बढेको घोषणा गरेका छन् । सोमबार सामाजिक सञ्जालमा उनले पार्टी सभापति रवि लामिछाने र वरिष्ठ उपाध्यक्ष बालेनसँगको फोटो सेयर गर्दै यसबारे जानकारी दिएका हुन् । उनले लेखेका छन्, ‘सम्पूर्ण नेपालीहरुको आफ्नो व्यक्तिगत राजनीतिक आस्था र विचारको कदर गर्दै, कसैलाई अपमान र अनादर नगर्ने प्रतिबद्धतासहित नयाँ समय र नयाँ आन्दोलनको सम्बोधन गर्न नयाँ राजनीतिक शक्ति स्थापित गराउन खुलेर सरिक हुने/सहयोग गर्ने निधो गरेको छु ।’ रास्वपा प्रवेशलाई आफूले जीवनको कठोर निर्णयको रुपमा उल्लेख गरेका छन् । ‘मैले बडो दुःख, संघर्ष, मिहेनेत र धैर्यताले टिकाएको मेरो कला सिर्जनामार्फत रिझाएका विभिन्न दलमा आस्था राख्ने थुप्रै दर्शक श्रोताको मन दुखाएर तपाईहरूसँग हातेमालो गर्दैछु । पेशा र व्यावसायिक हिसाबले यो मेरो जीवनकै कठोर निर्णय हो । मेरो यो कठोर निर्णय गलत सावित हुने छैन भन्नेमा मलाई विश्वास छ’ उनले भनेका छन्, ‘कुनै एउटा दलमा लागेको भनेर अहिले म सँग मन दुखाउने मेरा प्रिय दर्शक श्रोताको मन हामीले हाम्रो काम र इमानले जित्ने छौ । हामी सँगै देशले जित्नेछ ।’ रास्वपाले प्रकाशलाई २१ फागुनमा हुने प्रतिनिधि सभा निर्वाचनको समानुपातिक प्रणालीतर्फ दलित कोटाबाट उम्मेदवार बनाएको छ । भर्खरै मेला महोत्सवमा सांगीतिक टूर टुंग्याएर प्रकाश चुनाव प्रचारप्रसारमा जुट्ने भएका छन् ।

*-अनलाइन खबर डटकम*

# नेपाली चलचित्रको व्यावसायिक विवरण सार्वजनिक




चलचित्र विकास बोर्डले हाल चलचित्र भवनमा प्रदर्शनरत नेपाली चलचित्रको व्यावसायिक विवरण सार्वजनिक गरेको छ । बोर्डअन्तर्गत रहेको ‘सिनेपा २ बक्स अफिस’ले प्रदर्शनरत नेपाली चलचित्रको गएको माघ १० गते शनिबार सम्मको कारोबारसम्बन्धी विवरण आज सार्वजनिक गरेको हो । गत पुस ४ गतेदेखि प्रदर्शनमा आएको चलचित्र ‘झरीपछिको इन्द्रेणी’ पनि घरेलु बक्स अफिसमा उत्साहजनक कमाई गर्न सकेको छैन । हास्य कलाकार अर्जुन घिमिरे ‘पाँडे’ले निर्देशन गरेको उक्त चलचित्रले यही माघ ३ गतेसम्म रु एक करोड २३ लाख ८८ हजार कमाई गरेको छ । उक्त चलचित्रका लागि कुल तीन हजार २१७ टिकट बिक्री भएका छन् । भ्रष्टाचार र बेथिति विरुद्धको आवाज चलचित्रमा उठाउन प्रयास गरिएको उक्त चलचित्रमा अभिनेता गणेश उप्रेती, रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, सरिता गिरी, देशभक्त खनाल, निर्मल शर्मा, कृष्ण शिवाकोटी, कृष्णभक्त महर्जन, विमोचन दवाडी, जेसिका पोखरेल, प्रियना आचार्य (मुन्नी), अंशु महर्जन, राजेन्द्र नेपालीलगायत कलाकारले अभिनय गरेका छन् । गत पुस १० गतेदेखि प्रदर्शन भएको नेपाली चलचित्र ‘मुगलान’ ले रु ६ लाख ३१ हजार कमाई गरेको छ । अभिनेता प्रभात पाल, स्मारिका ढकाल, श्री शिवांशु, दिनेश डिसी, मोती सुवेदी, रामचन्द्र अधिकारीलगायत कलाकारले अभिनय गरेको उक्त चलचित्रको दुई हजार ४०० टिकट बिक्री भएका छन् । आशिष ढकालको निर्देशनमा तयार भएको उक्त चलचित्रले न्यून कमाई गरेको छ । गत पुस १७ देखि प्रदर्शन भएको चलचित्र ‘एक्लो’ले राम्रो व्यापार गर्न सकेको छैन । प्रदीप शाहीको निर्देशनमा तयार भएको उक्त चलचित्रले रु ४६ लाख ९५ हजार कमाई गरेको छ । अभिनेता प्रदीप खड्का, दिनेश डिसी, विजय लामा, बेनिशा हमाल, कविता नेपालीलगायत कलाकारले अभिनय गरेको उक्त चलचित्रको १४ हजार २५५ टिकट बिक्री भएका छन् । दर्शकबाट सकारात्मक समीक्षा प्राप्त गर्न नसकेपछि उक्त चलचित्रले राम्रो व्यापार गर्नसकेको छैन । नेपाली वैकल्पिक राजनीतिका प्रणेता एवं अभियन्ता स्व उज्ज्वल थापाको जीवनीमा आधारित वृत्तचित्र ‘दिमाग घोच्ने मान्छे’ले सोही अवधिसम्म रु तीन लाख १२ हजार कमाई गरेको छ । गत पुस २५ देखि देशभरका सीमित चलचित्र भवनमा प्रदर्शन भएको उक्त वृत्तचित्रलाई उज्ज्वल थापा फाउन्डेसनको निर्माण गरेको हो । सुदीप भाजुद्वारा निर्देशित उक्त वृत्तचित्रले उज्ज्वल थापाको बाल्यकाल, वैदेशिक शिक्षा, स्वदेश फिर्तीपछिको नागरिक जागरण अभियान र वैकल्पिक राजनीतिमा उनले पुर्याएको योगदानलाई समेटेको छ । एक व्यक्तिको सक्रियताले समाजमा कसरी अर्थपूर्ण परिवर्तन ल्याउन सक्छ भन्ने सन्देश वृत्तचित्रले दिएको छ । यो वृत्तचित्र निर्माणका लागि सर्वसाधारणबाट रु पाँच लाखसम्मको आर्थिक सहयोग प्राप्त भएको थियो । नेपाली नागरिक चेतना, उद्यमशीलता र सामाजिक रूपान्तरणको कथा बोकेको ‘दिमाग घोच्ने मान्छे’ले अपेक्षाकृत व्यवसाय भने गर्न सकेन । यही माघ १ गतेदेखि माघे सङ्क्रान्तिलाई लक्षित गर्दै प्रदर्शन भएको तीन चलचित्रले उत्साहजनक व्यापार गर्न नसकेको बोर्डद्वारा सार्वजनिक तथ्याङ्कमा उल्लेख छ । ‘बल्छी धुर्वे’ का रुपमा टेलिशृङ्खलामा परिचित मरिचमान श्रेष्ठले निर्देशन गरेको चलचित्र ‘गोबर गणेश’ ले रु एक करोड १४ लाख ३५ हजार कमाई गरेको छ । निर्देशक श्रेष्ठसँगै वर्षा शिवाकोटी, विनोद न्यौपाने, पदम तामाङ, निर्मल शर्मा, लक्ष्मीनाथ तिमलसेना, सन्तोष बानियाँ, सन्दीप लामा, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, पूजन घिमिरे (पुकु), बुद्धि तामाङ, विशाल पहाडी, रमेश बुढाथोकी, स्वस्तिका लामिछानेलगायत कलाकारले अभिनय गरेको उक्त चलचित्रको ४० हजार २३४ टिकट बिक्री भएका छन् । यही माघ १ देखि नै प्रदर्शन भएको चलचित्र ‘मिरमिरे’ले रु ३३ लाख ७२ हजार कमाई गरेको छ । बुबाछोरी बीचको भावनात्मक सम्बन्ध र त्रिकोणात्मक प्रेमकथामा आधारित उक्त चलचित्रमा दयाहाङ राई, प्रकाश सपुत, सिर्जना निङ्लेखु, माओत्से गुरुङ, छुल्टिम गुरुङ, भोलाराज सापकोटा, विमल यादव, शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ र नमनराज गजुरेलको अभिनय गरेका छन् । यम शेर्पाको निर्देशनमा तयार भएको उक्त चलचित्रको १० हजार ८१३ टिकट बिक्री भएका छन् । अभिनेता सौगात मल्लले अभिनय गरेको चलचित्र ‘भाइरल गोर्खे’ले सोही अवधिमा रु ३४ लाख ५३ हजार कमाई गरेको छ । सामाजिक सञ्जालको बढ्दो दबदबाबीच विश्वभर ‘भाइरल’ बन्ने ध्याउन्नमा रहेकालाई केन्द्रित गर्दै तयार गरिएको गएको माघ १ गतेदेखि प्रदर्शन भएको उक्त चलचित्रलाई निगम श्रेष्ठले निर्देशन गरेका छन् । अभिनेता मल्लसँगै अभिनेत्री तथा पूर्वमिस नेपाल सृष्टि श्रेष्ठ, बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, पत्रकार ऋषि धमला लगायतले अभिनय गरेको उक्त चलचित्रको १० हजार ६०५ टिकट बिक्री भएका छन् । चलचित्र विकास बोर्डले पछिल्लो केही महिनादेखि नेपालमा प्रदर्शन भएका स्वदेशी र विदेशी चलचित्रको व्यावसायिक विवरण सार्वजनिक गर्दै आएको छ । *-रासस*

# अब नेपाली फिल्ममा डल्बी एट्मस साउन्ड



अब नेपाली फिल्ममा पनि फूल डल्बी एट्मस साउन्डको अनुभव गर्न पाइने भएको छ । फिल्म ‘पाँच पाण्डव’ले दर्शकले म्युजिक नेपालले भर्खरै मात्र नेपाल भित्र्याएको डल्बी एट्मस साउन्ड स्टुडियोमा साउन्डको काम हुने भएको हो । ‘पाँच पाण्डव’ नेपालकै पहिलो डल्बी एट्मस साउन्ड स्टुडियोमा साउन्डको काम गर्ने पहिलो फिल्म बनेको छ । निर्माणपक्षले पूरै साउन्डको काम डल्बी एटमसमा हुने बताएको छ । ‘हामीले डल्बी एट्मसका लागि स्टुडियोसँग सम्झौता गरिसकेका छौँ’, पाँच पाण्डवका प्रस्तुतकर्ता नवीन श्रेष्ठले भने, ‘हामी हाम्रा दर्शकलाई साउन्डको फरक टेस्टसहितको प्राविधिक रुपमा पनि अब्बल फिल्ममा दिने छौँ ।’ यसका लागि डल्बी एट्मस स्टुडियोका सञ्चालक सन्तोष शर्मासँग कागजी सम्झौता गरिसकेको उनले जानकारी दिए । सम्झौता गर्दा ‘पाँच पाण्डव’का मुख्य कलाकार हरिवंश आचार्य र निर्देशक वसन्त निरौलाको पनि उपस्थित थियो । साउन्डमा कम्प्रमाइज नगरेजस्तै अन्य कुनै पनि कुरामा आफूले फिल्मले निर्माणमा कम्प्रमाइज नगर्ने नवीन बताउँछन् । वसन्त निरौलाको निर्देशन रहने फिल्म हरिवंश आचार्यसँगै जितु नेपाल, सागर लम्साल (बले)लगायतका कलाकारको अभिनय रहनेछ । फिल्म सोसल ड्रामा निर्माण हुन लागेको हो । ‘पाँच पाण्डव’मा महिला कलाकारको रुपमा दीपाश्री निरौला र रजनी गुरुङ रहनेछन् । काली रानी फिल्मस्को प्रस्तुतिमा निर्माण हुने यो फिल्मको लेखन सुशील पौडेल गरेका छन् ।

*-रातोपाटी डटकम*

# सहिद सप्ताहको चौंथो दिन : माथेमाको सम्झना



**पाल्पा,** माघ १३/सहिद सप्ताहको चौथो दिन मंगलबार सहिद धर्मभक्त माथेमाको शालिकमा माल्यार्पण गरी सम्झना गरिएको छ । प्रजातन्त्र प्राप्तिका लागि माथेमाले अमरत्व प्राप्त गरेको स्थलमा रहेको शालिकमा पुष्पगुच्छा अर्पण गरी उनलाई स्मरण गरिएको हो ।

माथेमाले सहादत प्राप्त गरेको स्थान काठमाडौंको सिफल उकालोमा स्मृतिसभा गरी उनलाई सम्झना गरिएको छ । सहिद सप्ताह मूल समारोह समिति काठमाडौं महानगरपालिकाको आयोजना प्रजातन्त्र प्राप्तिका लागि धर्मभक्त माथेमाले अमरत्व पाएको स्थानमा स्मृतिसभा गरिएको हो । कामपाले यही माघ १० गतेदेखि माघ १६ गतेसम्म सहिद सप्ताह कार्यक्रम गर्दै आएको छ । विसं १९६६ असोज ९ गते जन्मिएका माथेमालाई तत्कालीन शासकको विरुद्धमा गतिविधि सञ्चालन गरेको आरोप लगाई विसं १९९७ माघ १३ गते काठमाडौंको सिफलमा रहेको बकाइनोको रुखमा झुण्ड्याएर प्राणदण्ड दिइएको थियो । श्रद्धाञ्जली दिन पुग्नेहरुले सहिदहरूले शासन व्यक्तिको होइन, विधिको हुनुपर्छ भनेर दिएको सन्देश ग्रहण गर्नुपर्ने जोड दिएका छन् । तत्कालीन राणा प्रधानमन्त्री जुद्धशमशेरले विसं १९९७ माघ ६ गते सहिदहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगलाल श्रेष्ठ र दशरथ चन्दलाई मृत्युदण्ड दिने निर्णय गरेका थिए । निर्णय भएको चार दिनपछि शुक्रराज शास्त्रीलाई टेकु पचलीमा झुण्ड्याएर, सात दिनपछि धर्मभक्त माथेमालाई सिफल उकालो रूखमा झुन्ड्याएर र नौ दिनपछि दशरथ चन्द र गंगालाल श्रेष्ठलाई विष्णुमती नदी किनार शोभाभगवतीमा गोली हानी मृत्युदण्ड दिइएको थियो । पारिवारिक रुपमा प्रयोग हुँदै आएको शासकीय शक्ति जनतासम्म पुऱ्याउने क्रममा अमरत्व प्राप्त गर्ने सहिदको सम्झनामा हरेक वर्ष माघ १० देखि १६ गतेसम्म सहिद सप्ताह कार्यक्रम हुँदै आएको छ ।

सप्ताहव्यापी कार्यक्रम अन्तर्गत यही माघ १५ गते शोभा भगवतीमा गंगाल श्रेष्ठ र दशरथ चन्दले अमरत्व प्राप्त गरेको स्थानमा स्मृतिसभा आयोजना हुनेछ । सहिद सप्ताहको अन्तिम दिन माघ १६ गते सहिद दिवसका दिन विभिन्न कार्यक्रमको आयोजना गरी मुलुक र जनताका लागि भएका विभिन्न अधिकारका आन्दोलनमा आफूलाई समर्पित गर्ने सम्पूर्ण सहिदको सम्झना गरिन्छ । उनीहरुको पूर्णकदको शालिक उनीहरुले साहादत प्राप्त गरेकै स्थानमा निर्माण गरिएको छ ।

## खेलकुद समाचार

### राष्ट्रिय लिग फुटबलमा मनाङ र पुलिसको पहिलो जीत



**काठमाडौं,** माघ १३/राष्ट्रिय लिग फुटबलमा मंगलबार भएको खेलमा मनाङ मर्स्याङ्दी क्लब र नेपाल पुलिस क्लब विजयी भएका छन् । ललितपुरको एन्फा कम्प्लेक्सको मैदानमा भएको पहिलो खेलमा मनाङ मस्र्याङ्दीले काँक्रेबिहार क्लबलाई ५-१ गोलले हरायो । मनाङ मर्स्याङ्दीका गिडियन नाहले २ तथा सुरेश कुमाल, अनिल कुमार पन्चे मगर र नवराज गुरुङले १/१ गोल गरे । काँक्रेबिहारका सन्दीप देउवाले गोल गरे । प्रतियोगितामा मनाङ मर्स्याङ्दीको चार खेलमा यो पहिलो जीत हो । यस्तै काँक्रेबिहारको लगातार चौथो हार हो । यस्तै एन्फा कम्प्लेक्समै भएको दोस्रो खेलमा पुलिसले श्री भगवती युवा क्लबलाई १-० गोलले हरायो । पुलिसले उपहार गोल पायो । प्रतियोगितामा पुलिसको चार खेलमा यो पहिलो जीत हो । यस्तै श्रीभगवतीको दोस्रो हार हो । अखिल नेपाल फुटबल सै (एन्फा) को आयोजनामा भएको राष्ट्रिय लिग फुटबलमा 'ए' डिभिजनका १३ र एन्फा प्रेसिडेन्ट लिगका ४ गरि १७ वटा टोली सहभागी छन् । सिङ्गल राउन्ड रोबिनका आधारमा सञ्चालन हुने लिगमा कूल १ सय ३६ खेल हुनेछन् । राष्ट्रिय लिगका खेलहरू दशरथ रङ्गशाला, च्यासल रङ्गशाला र एन्फा कम्प्लेक्समा भइरहेका छन् । लिगको विजेताले ५० लाख रुपैयाँ पुरस्कार पाउने छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेसँगै कारोबार रकम पनि घट्यो



**पाल्पा,** माघ १३/साताको तेस्रो कारोबार दिन मंगलबार नेप्से परिसूचक उच्च अंकले घटेर बन्द भएको छ । यसदिन नेप्से परिसूचक ४२ दशमलव ५८ अंकले घटेर २ हजार ७ सय २६ दशमलव ५१ विन्दुमा अडिएको छ । अघिल्लो दिन सोमबार नेप्से परिसूचक ३ दशमलव ०७ अंकले घटेको थियो । यसदिन नेप्से घटेसँगै कारोबार रकम पनि सोमबारको तुलनामा कमी आएको छ । ३ सय ३३ स्क्रिप्सको ३ करोड २ लाख ६२ हजार ७ सय १० कित्ता सेयर १४ अर्ब १६ करोड ७१ लाख ७९ हजार ४ सय ४२ रुपैयाँमा खरिदबिक्री भए । अघिल्लो दिन सोमबार १६ अर्ब ३५ मूल्य बराबरको सेयर कारोबार भएको थियो ।

कारोबारमा सबै समूहको उपसूचक घटेको छ । बैंकिङ एक दशमलव ४९, विकास बैंक एक, वित्त दुई दशमलव ४४, होटल तथा पर्यटन एक दशमलव ९०, जलविद्युत् एक दशमलव ४१, लगानी एक दशमलव ७०, जीवन बीमा एक दशमलव ८५, र उत्पादन तथा प्रशोधन समूह एक दशमलव ४० प्रतिशतले घटेको छ । त्यस्तै, निर्जीवन बीमा समूह एक दशमलव ७४, व्यापार शून्य दशमलव ५१ र अन्य समूह एक दशमलव ९७ प्रतिशतले घटेको छ । सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै आठ दशमलव ५६ प्रतिशतले बढेको छ । साथै ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको शेयर मूल्य छ दशमलव ९३ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै राधी विद्युत् कम्पनी लिमिटेडको रू ५७ करोड ८५ लाख १६ हजार ७७ बराबरको खरिदबिक्री भएको छ । त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको रू १७ लाख ८० हजार ८ सय ८८ कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ ।

# कुखुराको भालेलाई...

...सजिलो र कम लगानीमा गर्न सकिने भएकाले यो आकर्षक व्यवसाय बनेको छ । दङ्गाली पोल्टी फार्म दर्ता गरेर व्यवसाय गर्दै आएकी जानकीलाई श्रीमानको पनि सहयोग मिलेको छ । बधिया भालेको व्यावसायिक पालनबाट राम्रो आम्दानी पनि हुँदै आइरहेको छ, त्यसकारण विगत लामो सयमदेखि निरन्तरता दिँदै आइरहेका छौँ । उनले भनिन्, "सबै काम आफैँले जानेपछि पछिल्लो समय झन् सहज भएको छ, बिक्रीका लागि पनि कुनै समस्या छैन ।" किसान चौधरीले सहज रूपमा बिक्री गर्दै आएकी छन् । अघिपछिभन्दा चाडपर्वको समयमा बधिया भालेको झन् धेरै माग आउने गरेको उनको भनाइ छ । "साना चल्ला हुर्काएर, बधिया बनाएर बेच्दा दोब्बर मूल्य पाउन सकिन्छ", उनले भनिन्, "यो व्यवसाय गरेदेखि आयआर्जनका लागि अन्य काम खोज्नुपरेको छैन ।" उनले उत्पादन गरेको बधियो भाले काठमाडौँ, पोखरालगायतका ठाउँसम्म पुग्ने गरेको छ । जानकीमात्र होइन जिल्लाका अधिकांश किसान बधिया भालेपालनमा सक्रिय छन् । बजारमा माग उच्च र पर्याप्त मूल्य पाउने भएका कारण पछिल्लो केही वर्षयता बधिया भाले दाङको प्रमुख पहिचान नै बन्दैछ ।

*---रासस*

# नौ जिल्ला डढेलोको...

...सामान्यत: हरेक वर्ष फागुनदेखि जेठसम्मको समयलाई वन डढेलोको यामभनेर चिनिन्छ । प्राय: यो समयावधिमा वन डढेलोको प्रकोप देशैभर अत्याधिक बढ्ने गरेको छ । यसरी हरेक वर्ष लाग्ने डढेलोले वन प्राकृतिक र मानवीय धनजनको ठूलो क्षति गर्दै आएको छ । यसबाट बहुमूल्य जैविक विविधता र सम्पदासमेत खरानी भएका छन् । डढेलोको विस्तारसँगै देशभरि नै वायु प्रदूषणको समस्यासमेत तीव्ररुपमा बढ्दै गैरहेको छ । वायु प्रदूषण स्वास्थ्यका लागि निकै हानिकारक छ । वर्षैपिच्छे देशमा डढेलोका घटनाहरुले निरन्तरता पाइरहे पनि त्यसप्रति उच्च चासो र सरोकार भने निकै कम छ । तर यस पटक भने प्राधिकरणले सै, प्रदेश, तथा स्थानीय तहका जिम्मेवार निकाय तथा सरोकार भएकाहरूका बीचमा समन्वय गरी डढेलो नियन्त्रणका प्रयासलाई थप प्रभावकारी र परिणाममुखी बनाउने योजना बनाएको छ । वन डढेलो नियन्त्रण गरी जनधन तथा पर्यावरणीय स्रोतको हानिनोक्सानी न्यूनीकरण गर्न तयारीलाई प्रभावकारी बनाइएको प्राधिकरणले जनाएको छ । जनचेतना अभिवृद्धि तथा नियमनलाई प्रभावकारी बनाई वन डढेलोको जोखिमबारेको बुझाइलाई स्पष्ट पार्ने रणनीति तय गरिएको छ । वन डढेलोको आँकलन, वन क्षेत्र एवं वनजन्य इन्धन व्यवस्थापन गरी आगलागीको जोखिम न्यूनीकरण गरिनेछ । मौसम पूर्वानुमान एवं पूर्वसूचनालाई सुदृढ र सबल बनाई वन डढेलोजन्य विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउने रणनीति तय गरिएको छ । प्रविधिको प्रयोग एवं मानवसंशाधन परिचालनमार्फत आगलागी जोखिम क्षेत्रको निगरानी, अनुगमन, पहिचान तथा पूर्वचेतावनीलाई प्रभावकारी प्रभावकारी बनाउने, सरोकारवाला निकाबीच समन्वय, सञ्चार कायम गर्दै सचेतनामूलक अभियान, तालिम र कृत्रिम अभ्यासमार्फत पूर्वतयारी तथा डढेलो नियन्त्रण कार्यलाई सुदृढ तुल्याउने रणनीति प्राधिकरणले तय गरेको छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई